# स्वतः प्रकाशन

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, लमजुङ/मनाङ

## आ.व. २०८२/०८३


## सुचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) संग सम्वन्धित विवरण

सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) ले व्यवस्था गरेको निर्धारित विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, लमजुङ/मनाङको २०८२ साल श्रावण ०१ गतेदेखि २०८३ असार मसान्त सम्मको सूचनाको अध्यावधिक विवरण देहाय अनसुार रहेको व्यहोरा सार्वजनिक गरिएको छ।

## १. निकायको स्वरुप र प्रकृति

२०७२ सालमा जारी भएको नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई जनताको मौलिक हकका रुपमा स्थापित गरिसकेको साथै दिगो आत्मनिर्भर एवं व्यवसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० बर्षे रणनीति (ADS) (२०१५-२०३५) कार्यान्वयनमा रहेको परिप्रेच्क्षमा स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट कृषि बिकास रणनीति कार्यान्वयनको सहयोगी कार्यक्रमको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रबिधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पुर्बाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना सहित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/०९/२६ को निर्णयानुसार देशभर संचालन हुने गरि आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० बर्ष अवधिको लागि लागू भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहेको यस कार्यक्रमको कार्यक्रम व्यवस्थापन एकाइ खुमलटार, ललितपुर मातहत जिल्लास्तरमा कार्यान्वयन एकाइहरु रहेका छन्। यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ लमजुङ/मनाङकार्यालय लमजुङ र मनाङ जिल्लामा तोकिएको **(अलैंची, तरकारी, मौरी, स्याउ र आलु)** वाली/वस्तुको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालन गर्ने संघिय सरकारको एउटा निकाय हो। यसको संगठन संरचना देहाय बमोजिम रहेको छ।



## २. निकायको काम कर्तव्य र जिम्मेवारी

यस निकायको जिम्मेवारी मुख्यतया कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायीक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने रहेको छ। समग्र कृषि मुल्य श्रृङ्खलाका अवयवहरुको एकिकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरु सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउन यस कार्यक्रम कार्यान्वयन एकाइको देहाय बमोजिमको कार्य विवरण रहेको छ।

- तोकिएको कृषि उपजहरुको विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने
- कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामुखी व्यावसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने ।
- भूमिको वैज्ञानिक उपयोग
- आधुनिक कृषि प्रविधिहरुको अवलम्वन
- कृषिमा उपजहरुको प्रशोधन तथा वजारीकरण पूर्वाधारहरुको विकास
- कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
- प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्वन
- गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
- वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्वन

## ३. निकायमा कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ती | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत, रा.प. द्वि.प्रा. | १ | १ | ० | स्थायी |
| २ | कृषि अधिकृत, रा.प.तृ.प्रा. | २ | १ | १ | स्थायी/करार |
| ३ | नायव प्राविधिक सहायक | ६ | ४ | २ | करार |
| ४ | लेखापाल | १ | १ | ० | स्थायी |
| ५ | नायव सुव्वा रा.प.अनं.प्र. | १ | १ | ० | स्थायी |
| ६ | ह.स.चा. | १ | १ | ० | करार |
| ७ | कार्यालय सहयोगी | ३ | ३ | ० | करार |
| **जम्मा** | | **१५** | **१२** | **३** | |

## ४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

क) जोन प्राविधिक इकाई मनाङः कृषि अधिकृत/ना.प्रा.स.

ख) जोन प्राविधिक शाखा लमजुङः कृषि अधिकृत/ना.प्रा.स.

ग) आर्थिक प्रशासन फांटः नायव सुब्बा/लेखापाल

## ५. सेवा प्रदान गर्दा लाग्ने दस्तुर र कार्यालयले संचालन गर्ने क्रियाकलापहरुमा उपलब्ध हुने सुविधाहरु

क) निवेदनमा रु १०/- बराबरको हुलाक टिकट टांस गर्नुपर्ने।

ख) तोकिएको जोनमा संचालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्था बाहेक बढीमा देहाय अनुसार उपलब्धीमा आधारित सहजीकरण (Smart Output Based Facilitation) सेवा उपलब्ध गराइने छ।

| सि. नं. | विवरण | सुविधा (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (बीउ, वेर्ना, विरुवा, माछा भुरा, पशु नश्ल लगायत) | बढिमा ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग तथा प्रविधि परिक्षण र प्रदर्शन | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | बढिमा ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | बढिमा ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |
| ७ | नविनतम प्रविधिको विस्तार | बढिमा ८५ प्रतिशत |
| ८ | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | बढिमा ४.० लाख वा ५० प्रतिशत |

## ६. निर्णय प्रक्रिया

- कार्यालयको स्टाफ बैठक तथा स्वीकृत ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरुमा उल्लेखित व्यवस्थाका आधारमा
- कार्यक्रम कार्यान्वयन म्यानुल-२०७७
- कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यविधि-२०८२

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुखः वरिष्ठ कृषि अधिकृत/कार्यालय प्रमुख

## ८. सम्पादन गरेको कार्यको विवरण

### (क) योजना तथा कार्यक्रम तर्फ

कार्यालयले मिति २०८२/०४/२५ गते लमजुङ दर्पण पत्रिकामा चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लमजुङ र मनाङ जिल्लाको कृषक संस्थाहरुलाइ लाभान्वित हुने अनुदान सम्वन्धि कार्यक्रमहरुको वारे प्रस्ताव आह्वानको सुचना प्रकाशन गरेको थियो। उक्त कार्यक्रमहरुमा प्रस्ताव पेश गर्ने अन्तिम समय अवधि मिति २०८२/०५/२९ गते सम्म तोकिएको थियो। उक्त सुचनाहरु र प्रस्तावना फारमहरु सम्वन्धित कृषक संस्थाहरुको सहयोगका लागि कार्यालयबाट र कार्यालयको वेवसाइट piulamjung.pmamp.gov.np बाट डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको थियो। प्राप्त आवेदनहरुको कार्यक्रम कार्यान्वयन म्यानुल, उद्यमशिलता कार्यविधि र प्रचलित नियमानुसार प्राविधिक/मुल्यांकन छनौट समितिको वैठक मार्फत विभिन्न मितिहरुमा वैठक वसी लाभग्राहीहरुको प्रस्तावना मुल्यांकन गरि छनौट गरि कार्यक्रम

## आ.व. २०८२/०८३ मा सञ्चालन गरिएका अनुदानका कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको शिर्षक | लक्ष्य | वजेट (रु लाखमा) | कुल आवेदन संख्या | कुल छनौट तथा सम्झौता संख्या | प्राप्त उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| **क.** | **अलैंची जोन लमजुङमा सुचिकृत कृषक/संस्थाहरुले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण** | | | | | |
| १. | पुरानो वगैंचा व्यवस्थापन अभियान | २ हे. | ९.० | ३६ | ३० | अलैंची जोन कमाण्ड क्षेत्रका **१३ जना कृषकहरुको ७.९ हे. पुराना वगानहरु सुदृढिकरणका लागि आवश्यक प्रविधि, मलखाद तथा विरुवा रोपण कार्यमा** सहयोग गरिएको |
| २. | भकारो सुधार तथा मलखाद व्यवस्थापन सहयोग कार्यक्रम | ३० पटक | ६.७५ | १९ | ५ | जोन कमाण्ड क्षेत्रका **कुल ४ वटा कृषक संस्थाहरुको ६ वटा भकारोको निर्माण तथा सुदृढिकरणमा** सहयोग गरिएको |
| ३. | विगतमा वितरण भएका भट्टीहरुको सुदृढिकरण | ३ पटक | १३.५० | १२ | ९ | जोन कमाण्ड क्षेत्रका ९ जना कृषक संस्थाहरुको प्राथमिक अलैंची प्रशोधनमा सहयोग गर्न **९ वटा अलैंची भट्टी घर निर्माण तथा मर्मत सम्भारमा अनुदान सहयोग गरिएको।** |
| **ख.** | **तरकारी जोन लमजुङमा सुचिकृत कृषक/संस्थाहरुले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण** | | | | | |
| १. | भकारो सुधार तथा मलखाद व्यवस्थापन सहयोग कार्यक्रम | ३० पटक | ६.७५ | २० | १८ | जोन कमाण्ड क्षेत्रका **कुल १७ वटा कृषक संस्थाहरुको २६ वटा भकारोको निर्माण तथा सुदृढिकरणमा** सहयोग गरिएको |
| २. | तरकारी स्थायी टनेल घर निर्माण तथा पुराना टनेलको मर्मत सम्भार | २ पटक | ८.० | ७० | १० | १० वटा कृषक संस्थाहरुको लागि कुल **२२ वटा नयां निर्माण र ४ वटा पुरानो मर्मत गरी कुल २६ वटा टनेलको निर्माण तथा मर्मत सम्भारमा** अनुदान सहयोग गरिएको |
| ३. | तरकारी प्रशोधन सहयोग कार्यक्रम | १ पटक | ५.० | १९ | १९ | १४ वटा कृषक संस्थाहरुको लागि अचार वनाउन **५१ थान मिक्स्चर र उत्पादित उपजहरु जोख्न १९ थान डिजिटल तराजु गरी कुल ७० थान मेशिनरीहरु** व्यवस्थापनमा अनुदान सहयोग गरिएको |
| **ग.** | **मौरी जोन लमजुङमा सुचिकृत कृषक/संस्थाहरुले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण** | | | | | |
| १. | मौरी चरनक्षेत्र स्थापना, व्यवस्थापन तथा विस्तार कार्यक्रम | १ पटक | २.५० | ३५ | १९ | मौरी जोन कमाण्ड क्षेत्रका **८ जना कृषक उद्यमीहरुको ०.५८ हे. क्षेत्रफलमा कफि र लिचिको वगान स्थापना मार्फत मौरी चरन क्षेत्र सुदृढिकरण** गरिएको |
| २. | मह वजारीकरण तथा लेवलिङ सहयोग | १ पटक | ५.० | १०८ | ६९ | जोन कमाण्ड क्षेत्रका **६६ वटा कृषक संस्थाहरुका लागि कुल ११७६ थान विभिन्न मौरी सामाग्रीहरु (महमदानी/आधारचाका/स्ट्याण्ड लगायत)** व्यवस्थापनमा सहयोग गरिएको |
| ३. | मौरी घार तथा गोलामा अनुदान | २ पटक | २८.० | १६५ | १२३ | जोन कमाण्ड क्षेत्रमा रहेका ११७ वटा कृषक संस्थाहरुको **मौरीको व्यवसाय विस्तार तथा सुदृढिकरणका लागि २६४ वटा मौरी सहितको गोला घार र १४४८ वटा खाली घार गरि कुल १७१२ वटा मौरी घार** व्यवस्थापनमा सहयोग गरिएको |
| **घ.** | **स्याउ जोन मनाङमा सुचिकृत कृषक/संस्थाहरुले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण** | | | | | |
| १. | स्याउमा उत्पादकत्व वृद्धिका लागि परागसेचन प्रवर्द्धन तथा नविनतम प्रविधि प्रदर्शनी | १ पटक | ३.६० | २२ | १३ | स्याउ जोन कमाण्ड क्षेत्रमा रहेका १२ वटा कृषक संस्थाहरुको वगानमा **परागसेचन प्रवर्द्धनका लागि २१ वटा गोला सहित, ११ वटा खाली मौरी घार र अन्य आवश्यक सामाग्रीहरु व्यवस्थापनमा सहयोग गरिएको** |
| २. | वगैंचा कांटछांट तथा व्यवस्थापन | १ पटक | ३.५ | २९ | २० | स्याउ जोन कमाण्ड क्षेत्रका २१ वटा कृषक संस्थाहरुको स्याउ करिव २७ हे. **वगैंचा व्यवस्थापनका लागि वोर्डोपेष्ट, माइक्रोन्युट्रिन्ट लगायतका आवश्यक सामाग्रीहरु व्यवस्थापनमा सहयोग गरिएको** |
| ३. | स्याउका लागि ट्रेलिसिङ सहयोग | १ पटक | ४.० | २६ | ४ | **३ वटा कृषक संस्थाहरुको करिव ०.५ हे. क्षेत्रफलमा** लगाइएको स्याउ वगानमा ट्रेलिसिङ सुविधा विस्तार तथा सुदृढिकरणमा सहयोग गरिएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | स्याउ वगानमा घेरावार कार्यक्रम | २ पटक | २४.० | ३२ | १५ | मनाङका १५ वटा स्याउ कृषक संस्थाहरुको लागि ६ हे **क्षेत्रफलको स्याउ वगान घेरावारमा सहयोग गरिएको** |
| ५. | जोन प्रभाव क्षेत्रमा स्याउ High Density विरुवा वितरण मार्फत क्षेत्रफल विस्तार | ३ हे. | ४८.० | २८ | १६ | स्याउ जोन कमाण्ड क्षेत्रका ८ **वटा कृषक संस्थाहरुलाइ ४८६५ वटा उच्च घनत्व स्याउ विरुवा खरिदमा अनुदान** सहयोग गरिएको |
| **ङ.** | **आलु जोन मनाङमा सुचिकृत कृषक/संस्थाहरुले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण** | | | | | |
| १. | आलु क्षेत्रविस्तार तथा विउ आलु आत्मनिर्भर कार्यक्रम | १ पटक | २.५० | १८ | १८ | आलु जोन कमाण्ड क्षेत्रका ९ **वटा कृषक संस्थाहरुलाइ १.४५ हे. क्षेत्रविस्तारमा** सहयोग गरिएको |
| **च.** | **लमजुङ र मनाङ जिल्लामा संचालित जोन विकास कार्यक्रममा सुचिकृत भएका र जिल्लाभित्रका अन्य कृषक तथा सम्वन्धि संस्थाहरुले आवेदन पेश गर्न सक्ने कार्यक्रमहरुको विवरण** | | | | | |
| १. | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | २५ वटा | ५०.० | १६४ | ७८ | **६७ वटा कृषक संस्थाहरुको लागि पक्की कुलो, टयांकी, थोपा सिंचाइ, पाइप सिंचाइ, इन्टेक सहितको सिंचाइ लगायतका पुर्वाधार निर्माणमा** सहयोग गरिएको<br>करिव **५० हे. सिंचित क्षेत्रविस्तार तथा सुदृढिकरणमा** टेवा पुगेको |
| २. | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | १० वटा | २०.० | | | |
| ३. | कृषि वजार भण्डारण पुर्वाधार वा प्राथमिक प्रशोधन तथा प्रशोधन उद्योग स्थापना | १ पटक | १५.० | ९ | २ | मनाङमा स्याउ संकलन तथा भण्डारणका लागि **१ वटा करिव २५ मे.टन. क्षमताको संकलन तथा भण्डारण घर निर्माणमा सहयोग गरिएको** |
| ४. | कृषकस्तरमा नविनतम उन्नत प्रविधि प्रदर्शन | १० पटक | ४.५० | २७ | १० | जोन कमाण्ड क्षेत्रका **कुल १० वटा कृषक संस्थाहरुको अलैंची/तरकारी/ मौरी वाली/ वस्तुको (अलैंचीमा २ वटा/ तरकारीमा २ वटा/ मौरीमा ६ वटा) नमुना प्रविधि (मलखाद व्यवस्थापन तरिका/टिस्युकल्चर विरुवा/ कृत्रिम आहार व्यवस्थापन/ आधुनिक घार लगायत) प्रदर्शनमा** सहयोग गरिएको |
| ५. | सहभागितात्मक कृषि प्रविधि सिकाई तथा प्रदर्शनी केन्द्र | ३ वटा | ८.१० | १३ | ६ | लमजुङमा तरकारीमा **१ वटा र मौरीमा १ वटा र मनाङमा ३ वटा स्याउमा नविनतम प्रविधि प्रदर्शनीमा** सहयोग गरिएको। |
| ६. | चक्लावन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग | २ वटा | २४.० | १८ | १ | **लमजुङ जिल्लामा कफि वालीमा ३.५ हे. क्षेत्रफलमा एकल वाली चक्लावन्दीका** लागि सहयोग गरिएको। |
| ७. | जोन संचालित वाली/वस्तुका लागि प्राङ्गारीक मल, जैविक मल तथा जाइम लगायत सामाग्रीहरुमा सहयोग | १ पटक | ५.० | ३२ | १९ | मनाङमा **१५ जना कृषकहरुको स्याउ वगानमा खाद्यतत्व व्यवस्थापनका लागि २१ टन प्राङ्गारीक मलखाद** खरिदमा सहयोग गरिएको |
| ८. | जोन संचालित वाली/वस्तुको ग्रेडिङ, प्याकेजिङ, वजारीकरण तथा ढुवानीमा सहयोग | ३ पटक | १२.० | १९ | १९ | मनाङका स्याउ जोन कमाण्ड क्षेत्रका **१८ वटा कृषक संस्थाहरुको लागि ६१९५ थान विभिन्न साइज/क्षमताको कार्टुन वक्सहरुमा करिव ४० टन स्याउ प्याकेजिङ तथा वजारीकरणमा** टेवा पुर्याइएको |
| ९. | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | २ पटक | २२.० | २०४ | ८६ | **लमजुङका ६२ वटा कृषक संस्थाहरु र मनाङका १४ वटा कृषक संस्थाहरु गरि कुल ७६ वटा कृषक संस्थाहरुको लागि मिनिटिलर १७८FD-२१ वटा, १७३FD-४१ वटा, १७०FP-२ वटा, ब्रसकटर-१४ वटा, चेनस-४ वटा, साइजर-२ वटा, इलेक्ट्रिक वुड राउटर-१ वटा, टेवल स-१ वटा, वुड ड्रिलिङ मेसिन-१ वटा, पावर स्प्रेयर-६ वटा, फोल्डिङ ल्याडर-५ वटा, जुसर मिक्स्चर-१ वटा र सोलार ड्रायर-१ वटा गरि कुल १०० थान मेसिनरीहरु** व्यवस्थापनमा अनुदान सहयोग गरिएको। |
| १०. | प्राविधिक शिक्षालयसंगको साझेदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम | १ वटा | ३.० | १ | १ | लमजुङ कृषि क्याम्पस सुन्दरवजारलाइ **भर्मिकम्पोष्ट वेड निर्माण गरि विद्यार्थीहरुको अनुसन्धान कार्यमा आवश्यक सहजिकरण** गरिएको। |
| ११. | मध्य पहाडी क्षेत्रमा सुन्तलाजात फलफुल प्रवर्द्धन कार्यक्रम | १ पटक | ९.० | ४४ | ३३ | लमजुङ जिल्लाका **१६ वटा कृषक संस्थाहरुको लागि करिव ५.० हे. क्षेत्रफलमा सुन्तलाजात फलफूल वगान स्थापना गर्ने** कार्यमा सहयोग गरिएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | रैथानेवाली/जात प्रवर्द्धनका लागि वजारीकरण सहयोग | १ पटक | ४.५० | ३५ | २३ | लमजुङका १८ वटा कृषक संस्थाहरुका लागि २५ थान कम्वाइन मिल र मनाङका २ वटा कृषक संस्थाहरुका लागि २ थान इलेक्ट्रिक घट्टा गरि कुल २७ थान मेशिनरीहरु खरिदमा अनुदान सहयोग गरिएको |
| १३. | हरियो मल/जैविक मल प्रवर्द्धन/प्रदर्शन कार्यक्रम | १ पटक | ०.४५ | २३ | ८ | लमजुङका ४ वटा कृषक संस्थाहरुका लागि ३.७५ हे. क्षेत्रफलमा ढैंचा लगायतका हरियोमल व्यवस्थापनमा सहयोग गरिएको |
| १४. | प्राङ्गारीक मल/भर्मिकम्पोष्ट प्रवर्द्धन कार्यक्रम | १ पटक | १.८० | ५६ | १ | लमजुङमा १ जना कृषक उद्यमीलाइ भर्मिकम्पोष्ट मल उत्पादनका लागि भर्मिकम्पोष्ट वेड निर्माणमा सहयोग गरिएको |
| १५. | विगतका आ.व. मा निर्माण भएका कृषि पूर्वाधारहरुको प्रभावकारी संचालनका लागि थप सहयोग कार्यक्रम | २ वटा | १०.० | १२ | ३ | लमजुङमा १ जना मौरी उद्यमीका लागि मह प्रशोधन भवनमा आवश्यक आधारचाका मेशिन सहितको सामाग्री व्यवस्थापन र मनाङमा २ जना स्याउ कृषक उद्यमीका लागि स्याउ संकलन कक्षको मर्मत सम्भार तथा आवश्यक सामाग्रीहरु व्यवस्थापनमा सहयोग गरिएको |
| १६. | चैते धान प्रवर्द्धन कार्यक्रम (चैते धानको क्षेत्रफल विस्तार) | २० हे | १.८० | १० | ५ | लमजुङमा ५ वटा कृषक संस्थाहरुलाइ २० हे. क्षेत्रफलमा चैतेधान प्रवर्द्धन गर्न आवश्यक मिनिटिलर, त्रिपाल, वाली संरक्षण लगायतका सामाग्रीहरु व्यवस्थापनमा सहयोग गरिएको |
| १७. | व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम (तरकारी जोन लागु भएको जिल्ला) | २ पटक | ७.२० | ३४ | २८ | लमजुङमा २४ वटा कृषक संस्थाहरुलाइ ३.०५ हे. क्षेत्रफलमा प्याज खेती प्रवर्द्धन गर्न आवश्यक विउविजन, सिंचाइ पाइप, मिनिटिलर, मलखाद, वाली संरक्षण लगायतका सामाग्रीहरु व्यवस्थापनमा सहयोग गरिएको |
| १८. | उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | १२ पटक | ४८.० | ८२ | १३ | मनाङमा १ वटा गाइपालन तथा मलखाद व्यवस्थपापनमा, लमजुङमा मौरीपालन-३ वटा, मौरी सामाग्री संकलन तथा प्रदर्शनी कक्ष निर्माण-१ वटा, कुखुरापालन-३ वटा, बाख्रापालन-२ वटा, माछापालन-१ वटा, गाइपालन-१ वटा र अलैंची नर्सरी-१ वटा गरि कुल १३ जना युवा उद्यमीहरुलाइ उद्यमशिलता विकासमा सहयोग गरिएको |

## (ख) विशेषज्ञ सेवा तर्फ

यस निकायबाट प्रदान गरिने विशेषज्ञ सेवा देहाय बमोजिम रहेका छन्।

१. प्रयोगशाला सेवा

- माटोको नमुना परिक्षण
- वाली उपचार शिविर
- विउविजन परिक्षण

२. समस्या समाधानका लागि प्राविधिक सल्लाह सुझाव

३. अन्तरनिकाय समन्वय तथा क्षमता अभिवृद्धि

## ९. सुचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

**सुचना अधिकारीः** श्री हरि वहादुर मिजार, कृषि अधिकृत

**कार्यालय प्रमुखः** श्री पद्मनाथ आत्रेय, वरिष्ठ कृषि अधिकृत

## १०. सम्वन्धित ऐन, नियम, कार्यविधि र मापदण्डहरु

- कार्यक्रम संचालनको मुख्य दस्तावेजः कार्यक्रम कार्यान्वयन म्यानुल-२०७७
- कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यविधि-२०८२
- प्रचलित ऐन, नियम, कार्यविधि तथा परिपत्रहरु

## ११. वजेट तथा खर्च सम्वन्धि विवरण

| चौंथो त्रैमासिक तथा वार्षिक अवधिको भारित प्रगति विवरण- आ.व. २०८२/०८३ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम/ क्रियाकलापहरु | वार्षिक लक्ष्य | | | चौंथो त्रैमासिक लक्ष्य | | | चौंथो त्रैमासिक प्रगति | | वार्षिक अवधिको लक्ष्य | | | वार्षिक अवधिको प्रगति | |
| | परिमाण | भार | बजेट रु हजारमा | परिमाण | भार | बजेट रु हजारमा | भारित प्रगति | भारित प्रगति प्रतिशत | परिमाण | भार | बजेट रु हजारमा | भारित प्रगति | भारित प्रगति प्रतिशत |
| पूँजीगत तर्फ | २७ | १२.१४ | ७५०० | ० | ०.८१ | ५०० | ०.८१ | १००.० | २७ | १२.१४ | ७५०० | १०.५२ | ८६.६५ |
| चालू तर्फ | ५३५० | ८७.८६ | ५१९८२ | १३०२ | १४.७७ | ९१६८ | १४.५३ | ९८.३७ | ५३५० | ८७.८६ | ५१९८२ | ७३.३१ | ८३.४३ |
| **जम्मा** | **५३७७** | **१००** | **५९४८२** | **१३०२** | **१५.५८** | **९६६८** | **१५.३४** | **९८.४५** | ५३७७ | १००.० | ५९४८२ | ८३.८३ | **८३.८३** |

| वित्तीय प्रगति विवरण-आ.व. २०८२/०८३ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम/ क्रियाकलापहरु | वार्षिक विनियोजन रु हजारमा | चौंथो त्रैमासिक प्रगति विवरण | | | वार्षिक अवधिको प्रगति विवरण | | |
| | | चौंथो त्रैमासिक विनियोजन रु हजारमा | चौंथो त्रैमासिक खर्च रु हजारमा | चौंथो त्रैमासिक खर्च प्रतिशत | वार्षिक अवधिको विनियोजन रु हजारमा | वार्षिक अवधिको खर्च रु हजारमा | वार्षिक अवधिको खर्च प्रतिशत |
| पूँजीगत तर्फ | ७५०० | ५०० | ५९२६.३१ | ११८५.२६ | ७५०० | ५९२६.३१ | ७९.०१ |
| चालू तर्फ | ५१९८२ | ९१६८ | २९२४३.९७ | ३१८.९७ | ५१९८२ | ३९१०४.९७ | ७५.२३ |
| **जम्मा** | ५९४८२ | ९६६८ | ३५१७०.२८ | ३६३.७८ | ५९४८२ | ४५०३१.२८ | ७५.७० |

## १२. अन्य विवरण

- सुचनापाटी/वेवसाइट/इमेल लगायतबाट नियमित सुचना प्रकाशन तथा प्रसार गर्ने गरिएको
- उजुरी पेटिकाको व्यवस्था
- नागरिक वडापत्रको व्यवस्था
- वेवसाइटः piulamjung.pmamp.gov.np
- इमेलः pmamp.piu.lamjung@gmail.com
- फोन नं.: ०६६-५२१३८०